# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८२।१२।०३ गते ।

# प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको।**

चौरजहारी नगरपालिका, रूकुम (पश्चिम) मा म मोहन शाह असिस्टेन्ट सब-इन्जियरको रिक्त पदमा विगत ८ वर्ष देखि करार सेवामा काम गर्दै आएकोमा यस नगरपालिकाका नगर प्रमुखले आर्थिक बर्ष २०८१।०८२ को लागि म्याद थप गर्दा मलाई एक लाख मागेको र उक्त रकम मैले निजको खातामा जम्मा गरेपछि मात्र मेरो म्याद थप भएको थियो। फेरि यस आर्थिक बर्ष २०८२।०८३ को करार नवीकरण गर्नका लागि एक लाख मागेको र मैले नगद यस पटक उपलब्ध गराउन नसकिने भनेपछि मेरो करार म्याद थप नगरी बर्खास्त गरियो, नगर प्रमुखको खातामा मैले जम्मा गरेको बैंक भौचर यसै निवेदनसाथ संलग्न राखी पेश गरेको छु, निजलाई आवश्यक कारवाही गरी पाउँ भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा चौरजहारी नगरपालिकाका नगर प्रमुख राष्ट्रसेवक पुष्प वादीले आफ्नो ओहदा सम्बन्धी नगरपालिकाको असिस्टेन्ट सबइन्जिनियर पदमा साविकदेखि करारमा रहेका मोहन शाहलाई सेवा करार म्याद थप नवीकरण गरी सेवामा राखी रहने निर्णय गर्ने गराउने काम गरिदिए बापत एवं निजको आफ्नो ओहदा एवं सोसम्बन्धी काम गर्दा मोहन शाहलाई मोलाहिजा गरी चौरजहारी नगरपालिकालाई अनिष्ट गरी मोहन शाहबाट रू.१,००,०००।- (एक लाख रूपैयाँ) घुस/रिसवत लिएको निजको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसुर गरेको स्थापित भएबाट निज पुष्प वादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रू.१,००,०००।— (एक लाख रूपैयाँ) कायम गरी निज प्रतिवादी पुष्प वादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र सोही ऐनको सोही दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना हुन र सोही ऐनको दफा (३) को उपदफा (१) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम रिसवत लिएको रकम जफत हुन एवं निज चौरजहारी नगरपालिकाको नगरप्रमुख पदमा कार्यरत रहेकोले निजका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुनसमेत मागदाबी लिइएको छ।

प्रतिवादी मोहन शाह चौरजहारी नगरपालिका रूकुम पश्चिममा तत्कालीन समयमा असिस्टेन्ट सबइन्जिनियर पदमा कार्यरत रहेको र निजले राष्ट्रसेवक पदमा कार्यरत रहिरहेकै बखत उक्त पदमा करारको म्याद थप गरी गराई निरन्तर पदमा बहाल रहनका लागि नगरपालिकाको नगर प्रमुख पुष्प वादीलाई मोलाहिजा गर्न घुस/रिसवत मिति २०८०।०४।०८ तदनुसार 24th july 2023 मा पुष्प वादीको बैंक खातामा रू.१,००,०००।—(एक लाख रूपैयाँ) जम्मा गरिदिई बैङ्किङ कारोबारको प्रमाणसमेत पेस गरेको देखिंदा निज प्रतिवादीले आफ्नो सेवा करार अवधि निरन्तरताको काम गराउन नगर प्रमुखलाई सो काम गरिदिए बापत

मोलाहिजा गरी नगरपालिकालाई अनिष्ट गरी घुस रिसवत रकम नगर प्रमुखलाई दिएको र सोही घुस रिसवत वापतको रकम दिने लिने काम भएपछि निज मोहन शाहको असिस्टेन्ट सबइन्जिनियर ओहदा सेवा करार म्याद थप त्यस अवधिमा नवीकरण भई निरन्तर गरे गराएको निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको स्थापित भएकोले निज प्रतिवादी मोहन शाहउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा बिगो रू.१,००,०००।—(एक लाख रूपैयाँ) कायम गरी सोही दफाले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ग) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना तथा सोही ऐनको दफा ३ को उपदफा (१) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम रिसवत दिएको/लिएको रकम जफत हुन मागदाबी लिई आज विशेष अदालतमा आरोपपत्र दायर गरिएको।

प्रवक्ता
सुरेश न्यौपाने